# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय सन्धिखर्क अर्घाखाँची

लुम्बिनी प्रदेश नेपाल

सन्धिखर्क नगरपालिकाको फोहोर व्यवस्थापन सम्बन्धी सूचना

प्रकासित मिति: २०७९/४/२५

सन्धिखर्क नगरपालिकाको फोहोर व्यवस्थापनका लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १२ अनुसूची-१२ मा (सरसफाई शुल्क) मा उल्लिखित दर बमोजिमको शुल्क संकलन गर्ने गरी फोहोर व्यवस्थापन सम्बन्धी वहु वर्षिय (आ.व २०७९/०८० देखि ०८३/०८४ सम्म) ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले वातावरण व्यवस्थापन सम्बन्धी विषयमा दर्ता वाला ईच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

तपसिल

| सि.नं | सूचना नं | विवरण | न्यूनतम रकम (सेवा शुल्क र मु.अ कर बाहेक वार्षिक) | धरौटी रकम | फाराम दस्तुर ( रु ) |
|---|---|---|---|---|---|
| १ | १/०७९/०८० राजस्व | सन्धिखर्क नगरपालिकाको वडा नं १ को बजार क्षेत्र , वडा नं २ को बजार क्षेत्र , वडा नं ६ को नरपानी बजार , वडा नं ७ को बजार क्षेत्र सुपादेउराली बजार, फुदवाङ्ग बजार र वडा नं १० को विहार बजार क्षेत्रबाट फोहोर संकलन गर्ने कार्य र नगर पालिकाले तोकेका अन्य क्षेत्र समेत हुने गरी | १०००००.०० | कवोल अंकको ५ प्रतिशत | १००० |

शर्तहरु:

१ कम्पनी वा फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०७७/०७८ सम्म करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व शाखामा बुझाएको नगदी रसिद साथ निवेदन पेस गरी मिति २०७९/०५/०८ गतेसम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ।

२ दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।दरभाउपत्र फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।आफुले कबोलगरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००००२ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरी दरभाउपत्रको लागि ७५ दिन दिनको म्याद भएको बिडबण्ड सिलबन्दी खाम साथ पेस गर्नु पर्नेछ।

३ खरिद गरेको दरभाउपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहि छाप गरी सिलबन्दी खाम बाहिर फर्मको नाम र ठेगाना,कामको विवरण,दरभाउपत्र वाला फर्म वा कम्पनीको प्रोपराइटरको नाम , ठेगाना , फोन नं मोबाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दरभाउपत्र मिति २०७९/०५/०९ गतेका दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

४ एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन।रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेस गर्ने सोही दिन दिनको २.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ।

५ दरभाउपत्रदाताले अन्य स्थानीय तहमा काम गरेको अनुभव अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

६ दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

७ दरभाउपत्रवाला लाई यस कार्यालयको लु १ ग ३०४ टिप्पर र लु १ त ७६ नम्बरको ट्याक्टर समेत ५ वर्षका लागि टिप्पर चालक र ट्याक्टर चालक सहित ४ जना कर्मचारी उपलब्ध गराइने छ।

८ कार्यालयका टिप्पर र ट्याक्टर फोहोर संकलन तथा प्रशोधन गर्ने कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गर्न पाइने छैन।

९ टिप्पर र ट्याक्ट्रर मर्मत सम्भार र इन्धन खर्चको व्यवस्थापन गर्ने अनिवार्य जिम्मेवारी दरभाउपत्रदाताको नै हुनेछ ।

१० चालक र सहचालकको पारिश्रमिक नगरकार्यपालिकाको कार्यालयले उपलब्ध गराएको सेवा सुविधमा नघट्ने गरी दरभाउपत्रदाताले उपलब्ध गराउनु पर्ने र यस सम्बन्धि विस्तृत विवरण दरभाउपत्रमा उल्लेख गरि राखिने छ ।

११ टिप्पर र ट्याक्ट्रको नविकरण तथा जाचपाँस गर्ने गराउने कार्य नगरकार्यपालिकाको कार्यालयले गर्ने र सो कार्य गर्दा लाग्ने खर्च नगरकार्यपालिकाको कार्यालयले नै व्यहोर्ने छ ।

१२ फोहोर संकलन गरी राख्ने स्थान सन्धिखर्क नगरपालिकाले उपलब्ध गराउने छ र सोही स्थानमा फोहोर प्रशोधन गर्ने प्लान्ट १ वर्ष भित्र अनिवार्य रूपमा राखी प्रशोधन कार्य सञ्चालन गर्नुपर्नेछ।

१३ दरभाउपत्रदाताले सन्धिखर्क नगरपालिकाको प्रत्येक वर्षको आर्थिक ऐनमा भएको व्यव्स्था बमोजिमको सरसफाई शुल्क वापतको रकम सोही वर्षका लागि संकलन गर्न पाउनेछ ।

१४ दरभाउपत्रदाताले आर्थिक ऐनमा लेखिएबमोजिमको रकमलाई भाग गरी मासिक रूपमा रकम संकलन गर्न सक्नेछ र वार्षिक रूपमा तोकिएको रकम एक मुष्ठ बुझाउने सेवाग्राहीलाई दरभाउपत्रदाताको नियमानुसार छुट रकम समेत दिन सक्नेछ र तोकिएको समयमा तोकएको रकम नबुझाउने सेवाग्राहीबाट १० प्रतिशत सम्म जरिवाना समेत लगाई असुल उपर गर्न सक्नेछ ।

१५ कवोल रकममा प्रत्येक वर्ष १० प्रतिशतको दरले थप रकम लाग्नेछ र प्रत्येक वर्षको आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क दरभाउपत्र दाताले उठाउन पाउनेछ।

१६ फोहोर संकलन सम्बन्धी रूट निर्धारण स्वयम कम्पनी वा फर्मले तोक्ने र सोही बमोजिम फोहोर संकलन गर्नुपर्नेछ र फोहोर संकलन कार्य सार्वजनिक विदाको दिन वाहेक प्रत्येक दिन गर्नुपर्नेछ।

१७ दरभाउपत्र दाताले डम्पीङ्ग साईडमा फोहोर जलाउन पाउने छैन।

१८ दरभाउपत्रदाताले फोहोर सकलन गर्दा कुहिने र नकुहिने फोहोर अलग अलग रूपमा संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ र दरभाउपत्रदातालाई फोहोर संकलन तथा शुल्क संकलनमा कुनै सहजिकरणको आवश्यकता परेमा सो विषयमा सहजिकरण गर्ने दायित्व नगरकार्यपालिकाको कार्यालयको हुनेछ।

१९ दरभाउपत्र दाताले कबोल अंकमा ५ प्रतिशत बैंक जमानत राखु पर्नेछ, र यस कार्यालयबाट उपलब्ध गराइने गाडीको सुरक्षा वापत यस कार्यालयका नाममा रू ५ लाखको बैक जमानतपत्र वा यस कार्यालयको धरौटी खातामा नदगै जम्मा गरेको बैंक भौचर संलग्न हुनपर्नेछ ।

२० दरभाउपत्र दाता र नगरकार्यपालिकाको कार्यालय विच कुनै द्विविधा उत्पन्न भएमा आपसी समझदारीमा समस्याको समाधान गर्न सकिनेछ। यसरी समस्याको समाधान नभएको हकमा नगरकार्यपालिकाको कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ।

२१ दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेस हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

२२ सन्धिखर्क नगरपालिकाबाट उपलब्ध गराईएका गाडिहरू ठेक्का सम्झौता अवधि समास भए पछि वा कुनै कारणले विचमा ठेक्का तोडिएको अवस्थामा प्राविधिक रूपमा चेक जाँच गराई सहि अवस्थामा मात्र गाडि फिर्ता गर्नुपर्नेछ ।

२३ तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफतगरी नियमानुसार दरभाउपत्र बन्दोवस्त गरिनेछ।

२४ यस सूचनामा उल्लेख भएका व्यवस्थाहरू यसै बमोजिम र सूचनामा उल्ललेख नभएका दरभाउपत्रमा उल्लेख भएका व्यवस्थाहरू बाहेकका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(नोटःविस्तृत जानकारीको लागि यस कार्यालयको www.sandhikharkamun.gov.np मा समेत हेर्न सकिने छ।)